**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०३ मई २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. चुनाव आयोगले पश्चि मबंगालको दक्षिण चौबीस परगना जिल्लाको फालता विधान सभा क्षेत्रको मतगणनालाई रद्ध गर्दै २१ मईमो दिन सबै २८५ मतदान केन्द्रहरूमा पुनः मतदान गराउने निर्णय गरेको छ। मतगणना २४ मईको दिन गराईनेछ।
२. पाँच राज्य र केन्द्रशासित प्रदेशहरूको विधानसभा चुनावको मतगणना भोली कड़ा सुरक्षा बीच बिहान ८ बजे देखि शुरू हुनेछ।
३. रक्षामंत्री राजनाथ सिंहले अपरेशन सिन्दुर भारतीय सेनकाो इतिहासमा स्वर्णिम अध्याय हुने बताउनु भएको छ।
४. नीट यू जी परीक्षा आज दिउँसो २ बजी देखि गराईनेछ।
५. इजरायलले लेबनानमा हिजो गरेको हमलामा १३ जनाको ज्यान गएको छ।
६. आईपीएल मा आज दिउँसो सनराईजर्स हैदराबाद र कोलकाता नाईट राईर्डस बीच अनि साँझ अहमदाबादमा गुजरात टर्ाइटन र पंजाब किंग्स बीच खेलिनेछ।

**EC Falta Repoll**

चुनाव आयोगले पश्चिम बंगालको दक्षिण २४ परगना जिल्लाको Falta विधानसभा निर्वाचन क्षेत्रमा सम्पूर्ण मतदान प्रक्रिया रद्द गर्ने असाधारण कदम चालेको छ। २१मई मा यस निर्वाचन क्षेत्रका सबै २८५ मतदान केन्द्रहरूमा नयाँ मतदान हुनेछ। मतगणना २४ मई मा हुनेछ। २९अप्रिल मा भएको मतदानमा गम्भीर चुनावी अपराध र लोकतान्त्रिक प्रक्रियाको व्यापक उल्लङ्घनको रिपोर्ट आएपछि आयोगले यो निर्णय लिएको बताएको छ।
पर्यवेक्षकहरूले रिपोर्ट गर्दा इलेक्ट्रोनिक मतदान मसिनसँग छेडछाड, मतदाताहरूलाई धम्की र मतदान नियमहरूको उल्लङ्घन लगायत गम्भीर अनियमितताहरू दस्तावेज गरिएको छ। धेरै मतदान केन्द्रहरूमा, इलेक्ट्रोनिक मतदान मेसिनका बटनहरू जानाजानी कालो टेपले छोपिएका थिए, जसले गर्दा मतदानमा बाधा पुगेको थियो। अनधिकृत व्यक्तिहरू मतदान केन्द्रहरूमा प्रवेश गर्दै र अरूको तर्फबाट मतदान गरिरहेको पनि भेटिएको जानकारी प्राप्त भएको छ।

**निर्वाचन आयोग - गणना पर्यवेक्षकहरू**

पश्चिम बंगाल विधान सभा चुनावको मतगणना कड़ा सुरक्षा बीच भोली हुने छ। चुनाव आयोगले यसका लागि सबै तयारीहरू पुरा गरि सकेको छ। मतगणना सुचारू ढंगमा सम्पन्न गराउन चुनाव आयोगले पश्चिम बंगालमा थप मतगणना पर्यवेक्षकहरू र पुलिस पर्यवेक्षकहरू खटाएको छ। मतगणना पर्यवेक्षकहरूलाई सहयोग गर्न एक सय पैंसठ्ठी थप मतगणना पर्यवेक्षकहरू नियुक्त गरिएको छ। मतगणना केन्द्रहरू वरिपरि सुरक्षा सुदृढ पार्न र कानून व्यवस्थाको पालना गर्न ७७ पुलिस पर्यवेक्षकहरूलाई पनि खटाइएको छ।

आयोगको आदेशमा स्पष्ट गरिको छ कि पुलिस पर्यवेक्षकहरू कुनै पनि परिस्थितिमा मतगणनाको दिन मतगणना कक्षमा प्रवेश गर्नेछैनन्।

**---------- बाइट ----**

**तमिलनाडु चुनाव - मतगणना व्यवस्था**

तमिलनाडुमा विधानसभा चुनावको मतगणना भोलि बिहान ८ बजे देखि निर्धारित सबै ६२ वटा मतगणना केन्द्रहरूमा कड़ा सुरक्षा बीच सुरु हुनेछ। मतगणनाका लागि कुल १०,५४५ कर्मचारी खटाइनेछन्। उनीहरूलाई ४,६२४ माइक्रो-

पर्यवेक्षकहरूले सहयोग गर्नेछन्। हाम्रा संवाददाताले रिपोर्ट गरेका छन् कि प्रत्येक विधानसभा निर्वाचन क्षेत्रका लागि एक पर्यवेक्षक सहित कुल २३४ मतगणना पर्यवेक्षकहरूले सम्पूर्ण प्रक्रियाको निगरानी गर्नेछन् र आयोगको हालको निर्देशनहरूको कडाइका साथ पालनलाई सुनिश्चित गर्नेछन्।

**राजनाथ सिंह - शौर्य संध्या**

रक्षा मंत्री राजनाथ सिंहले आतंकवादलाई समाप्त गर्नका लागि ऑपरेशन सिंदूरलाई मोदी सरकारको दृढ़ संकल्पकको प्रतीक बताउनु भएको छ। रक्षा मंत्रीले ऑपरेशन सिंदूरको पहिलो वर्षगांठको उपलक्ष्यमा हिजो नयाँ दिल्लीमा आयोजित शौर्य कार्यक्रमलाई संबोधित गर्दै भन्नु भयो - यस ऑपरेशनमा सशस्त्र सेनाको अतुलनीय शौर्यले नयाँ भारतको सैन्य इतिहासमा एउटा स्वर्णिम अध्याय थपेको छ।

भारतले विगत वर्ष 22 अप्रैलमा कश्मीरको पहलगाममा भएको आतंकी हमलाको जवाफमा 7 मईको दिन देखि ऑपरेशन सिंदूर शुरू गरेको थियो। यस ऑपरेशनमा पाकिस्तानको नियंत्रण क्षेत्रहरूमा रहेको आतंकी ढांचालाई लक्ष्य बनाएको थियो। यस हमलाले गर्दा चार दिन सम्म भारत-पाकिस्तान बीच भीषण संघर्ष भएको थियो तथा पछि पाकिस्तानको अनुरोधमा 10 मईको दिन सैन्य कार्रवाईलाई रोक्ने सहमति पछि समाप्त भएको थियो।

रक्षा मंत्रीले भन्नु भयो सशस्त्र सेनाले युद्धको मैदानमा अनि प्राकृतिक आपदाहरूमा प्रभावित मानिसहरूको सेवामा साहसको प्रदर्शन गरेको छ। उहाँले नागरिकहरूसित देशका बिर्सिएका नायकहरूको वीरगाथाहरू अनि बलिदानलाई टाड़ा टाड़ा सम्म साझा गर्ने आग्रह गर्नु भयो।

यस कार्यक्रममा प्रमुख रक्षा अध्यक्ष अनिल चौहान, वायु सेना प्रमुख एयर चीफ मार्शल ए पी सिंह, दिल्लीकी मुख्यमंत्री रेखा गुप्ता, रक्षा सचिव राजेश कुमार सिंह र उप रक्षा प्रमुख लेफ्टिनेंट जनरल धीरज सेठ उपस्थित थिए।

**सेल प्रसारण प्रणाली**

केन्द्रीय गृहमन्त्री अमित शाहले सेल प्रसारण प्रणाली र साझा चेतावनी प्रोटोकल जस्ता प्रविधिहरू अपनाउँदा आपदा तयारीलाई उल्लेखनीय रूपमा बलियो बनाउने बताउनु भएको छन्। हिजो सेल प्रसारण चेतावनी प्रणालीको सुरुवातमा, उहाँले भन्नु भयो - यसले शासनमा सुधार ल्याउने छ र प्रत्येक नागरिकमा आपदा सम्बंधित जानकारीहरू समयमै र प्रभावकारी ढंगमा साझा गर्ने काम सुनिश्चित गर्ने छन्। यो प्रणालीले आपतकालीन अवस्था र प्राकृतिक प्रकोपहरूको बारेमा चेतावनी प्रदान गर्नेछ। केन्द्रीय दूरसञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले सेल प्रसारण प्रणालीको सुरुवात गर्नु भयो। यो दूरसञ्चार विभाग अन्तर्गत टेलिमेटिक्स विकास केन्द्र (C-DOT) द्वारा राष्ट्रिय आपदा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालयसँगको सहकार्यमा स्वदेशी रूपमा विकसित गरिएको थियो। प्रणालीको हिजो देशभरी सफलतापूर्वक परीक्षण गरिएको थियो। देशभरीका मोबाइल फोनहरूमा आपतकालीन चेतावनी सन्देशहरू प्रसारण गरिएको थियो। नागरिकहरूको मोबाइल फोनमा साइरन अलर्ट सहितको सूचना पठाइएको थियो। सुनामी, भूकम्प, चट्याङ, ग्यास चुहावट र रासायनिक खतराहरू जस्ता मानव निर्मित आपतकालीन अवस्थाहरूमा द्रुत र प्रभावकारी चेतावनी प्रदान गर्न यो स्वदेशी रूपमा विकसित प्रणाली डिजाइन गरिएको हो।
यो प्रणाली भारतका सबै ३६ राज्य र केन्द्र शासित प्रदेशहरूमा सञ्चालनमा छ।

**NEET परीक्षा**

स्नातक चिकित्सा शिक्षामा प्रवेशको लागि राष्ट्रिय योग्यता सह प्रवेश परीक्षा (NEET UG) आज हुनेछ। परीक्षा दिउँसो २ बजे सुरु भएर साँझ ५ बजे समाप्त हुनेछ। NEET सूचना अनुसार, परीक्षा केन्द्रमा अन्तिम प्रवेश दिउँसो १:३० बजेसम्म हुनेछ। राष्ट्रिय परीक्षण एजेन्सीले २०१९ देखि NEET UG परीक्षा सञ्चालन गर्दै आएको छ।
एजेन्सीले उम्मेदवारहरूको लागि विशेष दिशानिर्देशहरू जारी गरेको छ। उम्मेदवारहरूले आफ्नो प्रवेश पत्रसँगै मतदाता परिचयपत्र, आधार कार्ड, वा रासन कार्ड जस्ता मूल फोटो भएको परिचयपत्र ल्याउनु पर्नेछ ।

**इजरायली हवाई हमला – लेबनान**

दक्षिणी लेबनानमा इजरायली हवाई हमलामा चार महिला सहित कम्तिमा १३ जनाको मृत्यु भएको छ भने धेरै जना

घाइते भएको लेबनानी स्वास्थ्य मन्त्रालयले जनाएको छ। इजरायली सेनाले आज दक्षिणी क्षेत्रका नौ गाउँका बासिन्दाहरूलाई नयाँ चेतावनी जारी गर्दै क्षेत्र खाली गर्न आग्रह गरेको छ। १७ अप्रिल  देखि युद्धविराम लागू भए पनि, इजरायल र हिजबुल्लाहले आफ्नो आक्रमण जारी राखेका छन्।
बेसिलियन साल्भाटोरियन सिस्टर्सकी सुपीरियर जनरल ग्लेडिस सब्बागले भन्नुभयो, "हामीसँग भएको जानकारी अनुसार, यसलाई बुलडोजरले ध्वस्त पारिएको थियो।
लेबनानको क्याथोलिक चर्चले उक्त परिसरलाई सैन्य उद्देश्यका लागि प्रयोग भइरहेको दाबीलाई कडाइका साथ अस्वीकार गरेकोछ।

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटमा हिज राति चेन्नईमा चेन्नई सुपर किंग्सले मुम्बई इन्डियन्सलाई ८ विकेटले पराजित गरे। पहिले ब्याटिङ गर्दै मुम्बई इन्डियन्सले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १५९ रन बनायो। जवाफमा चेन्नईले १८ ओभर र १ बलमा २ विकेट गुमाएर १६० रन बनाएर खेल जित्यो। चेन्नईका रुतुराज गायकवाड ६७ रनमा अविजित रहे भने कार्तिक शर्मा ५४ रनमा अविजित रहे।
खेलमा आज सनराइजर्स हैदराबादले कोलकाता नाइट राइडर्सको सामना गर्नेछ। यो खेल आज दिउँसो ३:३० बजे हैदराबादमा खेलिनेछ। अहमदाबादमा हुने अर्को खेलमा गुजरात टाइटन्सले पन्जाब किंग्सको सामना गर्नेछ। खेल साँझ ७:३० बजे खेलिनेछ।